## संघीय संसद
## संसदीय सुनुवाई समितिको
# सूचना

देहाय बमोजिमका पदमा देहायका व्यक्तिहरुको नियुक्तिका लागि संवैधानिक परिषद्‌बाट सिफारिस भई संसदीय सुनुवाईका लागि मिति २०७५/१२/१४ गते समितिमा पत्र प्राप्त हुन आएकोले सर्वसाधारणको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ । उक्त पदमा उहाँहरुलाई नियुक्ति गर्न उपयुक्त छैन भन्ने कसैलाई लागेमा स्पष्ट आधार एवं सबुत प्रमाण सहित मिति २०७५ चैत्र २९ गते कार्यालय समयभित्र यस समिति समक्ष निम्न माध्यम मार्फत वा सोझै समितिमा आई सूचना वा उजुरी दिन सकिने व्यहोरा समेत यसै सूचनाद्वारा सूचित गरिन्छ । यस्तो सूचना दिने सूचनादाताले आफ्नो नाम थर, वतन स्पष्ट रुपमा खुलाउनु पर्ने र निजले चाहेमा सूचनादाताको नाम गोप्य राखिने व्यहोरा समेत जानकारी गराइन्छ । साथै सतहत्तरै जिल्लाका सम्बन्धित प्रमुख जिल्ला अधिकारीहरुले यस सूचनालाई जिल्ला प्रशासन कार्यालय लगायत सम्भव भएसम्म अन्य सरकारी कार्यालय एवं सार्वजनिक स्थलहरुमा टाँस्ने व्यवस्था गरिदिनु हुन र यस सम्बन्धी कुनै सूचना वा उजुरी प्राप्त हुन आएमा मिति २०७५ चैत्र २९ गते कार्यालय समयभित्र यस समितिमा आइपुग्ने गरी पठाइदिनु हुन समेत अनुरोध छ ।

| क्र.सं. | सिफारिस गरिएका व्यक्तिहरुको नामावली | सिफारिस गरिएको पद | सिफारिस गरिएको संवैधानिक आयोग |
|---|---|---|---|
| १. | श्री दिनेश कुमार थपलिया<br>ठेगानाः संखुवासभा । | प्रमुख निर्वाचन आयुक्त | निर्वाचन आयोग |
| २. | श्री विष्णुमाया ओझा<br>ठेगानाः मकवानपुर । | सदस्य | राष्ट्रिय समावेशी आयोग |

**सूचना दिने ठेगानाः**

संसदीय सुनुवाई समिति,
संघीय संसद सचिवालय, सिंहदरवार ।
फोन नं./ फ्याक्सः ०१-४२००२७७
ईमेलः *parl_hearing@parliament.gov.np*